बुढीगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हात्तिमुडा, मोरङ

१ नं प्रदेश, नेपाल

प.सं.:- प्र.२०७५/७६

च.नं.:-

विज्ञापन नं. ३/०७५/०७६

## सेवा करारमा लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७६/२/२७**

स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सन्चालन सम्बन्धी कार्यविधि,२०७५ दफा ५ मा व्यवस्था भए अनुसार यस बुढीगंगा गाउँपालिका अन्तर्गत वडा नं. १,३ र ४ मा आधारभूत स्वास्थ्य सेवा संचालनका लागि निम्नानुसारको कर्मचारी आवश्यक रहेकोमा सेवा करारमा राख्ने भनि निर्णय भएको हुदाँ योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दिनको २:०० बजे सम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| पद नाम | संख्या |
|---|---|
| अनमी | ३ |
| अ.हे.व. | ३ |
| कार्यलय सहयोगी | ३ |

१. शैक्षिक योग्यता र अनुभवः (क) नेपाली नागरिक

(ख) न्यूनतम योग्यता : नेपाल सरकारको मान्यता प्राप्त संस्थाबाट सम्बन्धित विषयमा उपाधि तथा योग्यता प्राप्त गरेको तथा कार्यलय सहयोगीका लागि सामान्य लेखपढ गरेको।

ग) २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको र कुनै कानूनले अयोग्य नठहरिएको ।

२. संलग्न गर्नुपर्ने कागजातहरु : नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, अनमी र अहेवका निम्ति शैक्षिक योग्यताको प्रतिलिपी । पेश गरिने सबै प्रतिलिपीको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

३. आवेदन फारम पाउने र बुझाउने स्थान : बुढीगंगा गाउँपालिकाको प्रशासन शाखा ।

४. आवेदन शुल्क : रु. ५००।००

५. उम्मेदवार छनोटको आधार : बुढीगंगा गाउँपालिकामा करारमा प्रविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को –दफा (३) को उपदफा (२) बमोजिम देहायको आधारमा दफा ५ को समितिले मूल्याङ्कन गरी सुचिकृत गर्नुपर्नेछ :

क. शैक्षिक योग्यता वापत - ६० (साठी) अंक, (विशिष्ट श्रेणी वापत ६०, प्रथम श्रेणी वापत ५५, द्धितीय श्रेणी वापत ५०, तृतीय श्रेणी वापत ४५,

ख. कार्य अनुभव वापत - १० (दश) अंक (प्रति वर्ष २ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने)

ग. स्थानीय बासिन्दालाई देहाय बमोजिम - १० (दश) अंक

१. सम्बन्धित गाउँपालिकाको बासिन्दा भएमा - १० अंक २. सम्बन्धित जिल्लाको बासिन्दा भएमा - ५ अंक

घ. अन्तवार्तामा अधिकतम २० अंक ।

दफा (४) उपदफा (१) बमोजिम आवेदन माग गर्दा प्राविधिक कार्य ( स्वास्थ्य चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) प्राप्त गरेका व्यक्तिले मात्र आवेदन दिन सक्नेछन् ।

दफा (५) श्रेणी विहिन कर्मचारीहरूको छनौटको आधार अन्तरवार्ता र सूचीकरंण समितीले निर्धारण गरे बमोजिम हुनेछ ।

६. तलब स्केल : प्रचलीत कानून अनुसार

७. करार अवधि : १ वर्ष सम्म (सो पदमा स्थायी कर्मचारी पदपूर्ति भई आएमा स्वत: करार अवधी समाप्त हुनेछ।)

पुनश्च यसअघी कार्यालयको सूचना अनुसार अनमी पदमा दरखास्त फारम बुझाउनेहरुको हकमा पुनः आवेदन दर्ता गराउनु नपर्ने ब्यहोरा जानकारी गराईन्छ ।

थप जानकारीका लागी ९८५२०२७४५४ मा सम्पर्क हुन् ।

प्रमुख प्रशासकिय अधिकृत